गोसाईकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रु, रसुवा

३ नं. प्रदेश, नेपाल

**कर्मचारी सेवा करारमा लिने सम्वन्धी अत्यन्त जरुरी सूचना**
**सूचना प्रकाशन भएको मिति: २०७६/०९/२८**

गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालय तथा अर्न्तगत वडा कार्यालयहरु र गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा रहेका **पदहरुमध्ये सव-इन्जिनियर(सिभिल)-१, हेल्थ असिष्टेन्ट-१, स्टाफ नर्स-१, अ.हे.व-४, अ.न.मि.-७, असिष्टेन्ट सव- इन्जिनियर(सिभिल)-२ र कार्यालय सहयोगी-१ पदका जनशक्ति सेवा करारमा लिनु** पर्ने भएकाले देहायका शर्तहरुको अधिनमा रही कार्य गर्न ईच्छुक र योग्य उम्मेदवारहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँकार्यपालिकाको कार्यालयमा लोक सेवा आयोगले तोके वमोजिमको ढाँचामा दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु

१) दरखास्त दस्तुर रु. ४००/- लाग्ने छ।

२) लोक सेवा आयोगले उल्लेखित पदहरु स्थायी रुपमा पद पूर्ति गर्नका लागि तोके वमोजिमको शौक्षिक योग्यता हासिल गरेको हुनु पर्ने छ।

३) दरखास्त साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शौक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि साथै अनुभवको प्रमाणपत्रको प्रतिलिपि र सवै प्रतिलिपिमा सक्कल वमोजिम नक्कल ठीक छ भन्ने वाक्य लेखि उम्मेदवार आफैले सही छाप गरेको हुनु पर्नेछ र दरखास्तवालाको हालसालै खिचेको फोटो समेत संलग्न गर्नु पर्ने छ।

**४) उम्मेदवार छनौटका आधारहरु:- शैक्षिक योग्यता, सम्बन्धित कार्यालय वा संस्थामा काम गरेको अनुभव, उम्मेदवारको स्थायी ठेगाना र अन्तरवार्ता वापतको अंक क्रमश: ३०, १०, १० र ५० हुने।**

५) दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेको अवस्थामा त्यस पछि कार्यालय खुल्ने पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्न सकिने छ।

६) परीक्षा मिति दरखास्त दिने अन्तिम समयपछि तोकिनेछ।

७) पारिश्रमिक नेपाल सरकारले सम्वन्धित पदको लागि तोकेको शुरु तलब स्केलमा नवढ्ने गरी हुनेछ।

८) सूचनामा तोकिएको विषय वाहेकका अन्य आवश्यक कुराहरुको सम्वन्धमा अन्य सुविधाहरु प्राप्त नियमानुसार हुने छ।

**९) थप जानकारीका लागि ०१०५४१०८८ को फोन नं मा सम्पर्क गर्न सकिने छ।**

प्रमुख प्रशासकीय अधिकृत

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत